






# तालिम पाठ्यक्रम तथा संचालन स्रोत पुस्तिका

## (च्याउ खेती, मौरी पालन तथा कागती खेती)

आ.व. २०७७/०७८





प्रदेश सरकार
लुम्बिनी प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मंत्रालय
कृषि विकास निर्देशनालय

**कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र**

खजुरा, बाँके

जेष्ठ, २०७८














# तालिम पाठ्यक्रम तथा संचालन स्रोत पुस्तिका

## (च्याउ खेती, मौरी पालन तथा कागती खेती)

आ.व. २०७७/०७८


तयारकर्ता

**अनिश श्रेष्ठ**

(कृषि प्रसार अधिकृत)



प्रकाशन

प्रदेश सरकार

लुम्बिनी प्रदेश

भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

## कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र

खजुरा, बाँके

जेष्ठ, २०७८

# दुई शब्द



कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्रको काम मध्ये एउटा प्रमुख काम कृषक तथा कृषि प्राविधिकको क्षमता विकासका लागि प्राविधिक विषयमा तालिम प्रदान गर्नु हो। तालिम प्रभावकारी बनाउन यस कार्यालयले विभिन्न क्षेत्रका प्रशिक्षकहरुलाई प्रयोग गर्ने गरेको छ। विभिन्न क्षेत्रका प्रशिक्षकले प्रशिक्षण दिने भएकाले प्रशिक्षणमा एकरुपता ल्याउन प्रशिक्षणलाई गुणस्तरीय बनाउन र प्रशिक्षकलाई प्रशिक्षणका लागि दिइएको विषयमा कार्यालयले समेट्न खोजेका सबै विषय समावेश हुन् भन्नका लागि पाठ्यक्रमको महत्वपूर्ण भूमिका रहन्छ। पाठ्यक्रम नहुँदा प्रशिक्षण कार्य सही दिशामा जान नसक्ने सम्भावना रहन्छ। पाठ्यक्रम हुँदा प्रशिक्षकले पर्याप्त तयारी गर्ने र हरेक सत्रका लागि आवश्यक पर्ने शैक्षिक सामग्री व्यवस्था गर्न तालिम संयोजकलाई समेत सहज हुने भएकाले यो पाठ्यक्रम तयार पारीएको हो।

यो पाठ्यक्रम तयार पार्दा विभिन्न विषयका शैक्षिक सामग्री र विगतमा तालिम दिंदाको अनुभवको सहयोग लिइएको छ। जिल्ला स्तर तथा स्थानिय तहमा समेत विभिन्न अबधिका तालिमहरु पनि संचालन भै राखेका छन्। यस्ता पाठ्यक्रमको अभावमा तालिममा एकरुपता आएको पाइदैन। यो पाठ्यक्रमले जिल्ला तथा स्थानिय तहमा संचालन गरीने तालिमका लागि पनि श्रोत सामग्रीको रुपमा प्रयोग भै तालिममा एकरुपता आउने अनुमान गरीएको छ। प्रशिक्षण कला मात्र नभै एक विज्ञान पनि हो त्यसैले हरेक प्रशिक्षकले प्रशिक्षण पूर्व पाठयोजना बनाउनु पर्दछ। यस्ता सामग्री उपलब्ध हुँदा प्रशिक्षकलाई पाठयोजना बनाउन पनि सहयोग पुग्न गै प्रशिक्षण कार्य पूर्ण र गुणस्तरीय हुन जान्छ। यीनै तथ्यलाई हृदयङ्गम गरी यो पाठ्यक्रम तयार पारिएको हो। यस पाठ्यक्रमलाई अझ व्यवहारीक र प्रभावकारी बनाउन सम्पूर्ण प्रशिक्षकबाट पृष्ठपोषण अपेक्षा गरीएको छ। आगामी दिनमा यसलाई अझ परिस्कृत गरी प्रकाशन गरीने छ। यस पुस्तिकामा थोरै विषय समेटिएका छन्। आगामि दिनमा अझ धेरै विषय समावेश गरी प्रकाशन गरीने छ।

यो पुस्तक प्रयोग गरी थप सल्लाह सुझावको अपेक्षा गरेको छु। यो पाठ्यक्रमलाई यस रुपमा ल्याउन सहयोग गर्ने सम्पूर्ण कर्मचारीलाई धन्यवाद दिन चाहन्छु। यो पाठ्यक्रम पुस्तक तयार पार्न अनवरत रुपमा लागि पर्ने कृषि प्रसार अधिकृत श्री अनिश श्रेष्ठलाई विशेष धन्यवाद दिन चाहन्छु।



अमरराज शर्मा घिमिरे

बरिष्ठ कृषि प्रसार अधिकृत

# विषय सुची


| क्र.स. | शिर्षक | पेज नं. |
|---|---|---|
| क | च्याउ खेति तालिम | १ |
| १ | प्रथम दिन | २ |
| २ | दोस्रो दिन | ४ |
| ३ | तेस्रो दिन | ७ |
| ४ | चौथौ दिन | १० |
| ५ | पाचौं दिन | १३ |
| ६ | छैठौं दिन | १४ |
| ख | मौरी पालन तालिम | १९ |
| ७ | प्रथम दिन | १९ |
| ८ | दोस्रो दिन | २३ |
| ९ | तेस्रो दिन | २८ |
| १० | चौथौ दिन | ३३ |
| ११ | पाचौं दिन | ३९ |
| १२ | छैठौं दिन | ४० |
| ग | कागती खेति तथा बगैंचा व्यवस्थापन तालिम | ४७ |
| १३ | प्रथम दिन | ४७ |
| १४ | दोस्रो दिन | ५१ |
| १५ | तेस्रो दिन | ५६ |
| १६ | चौथौ दिन | ६० |
| १७ | पाचौं दिन | ६४ |
| १८ | छैठौं दिन | ६५ |
| १९ | सन्दर्भ सामाग्रीहरु | ७० |

# च्याउ खेति तालिम

**प्रथम दिन**

**सत्र १:**

**उद्घाटनः सहभागी दर्ता, परिचय, अपेक्षा संकलन तथा तालिमका उद्धेश्यहरु बारे जानकारी**

**समयावधिः १ घण्टा ३० मिनेट**

**उद्देश्यहरू**

- सहभागीहरू र स्रोत व्यक्तिहरूको परिचय गराउने
- तालिमका लागि सहभागीहरूको अपेक्षा पत्ता लगाउने
- तालिमका उद्देश्यहरू बारे जानकारी गराई सहभागीहरूसँग अपेक्षाबारे छलफल गर्ने
- तालिमसँग सम्बन्धित कुनै पनि जिज्ञासाहरू सहभागीहरूले उठाएमा छलफल गर्ने

**क्रियाकलाप र अभ्यासहरू**

**क्रियाकलाप १: सहभागीहरूको दर्ता तथा परिचय**

तालिम एक वयस्क शिक्षा भएकाले सहभागीहरुले धेरै भन्दा धेरै सिप र ज्ञान प्राप्त गर्न सकुन भन्नका निम्ति यस सत्रको प्रयोग गर्नु पर्छ । सहभागीहरुको परिचयलाई विभिन्न ठट्टा वा रमाईलो खेलहरुसंग जोडेर संचालन गर्नु पर्दछ। जसले गर्दा सहभागीहरु एक-आपस तथा तालिम संचालकसंग खुल्न सक्ने, तालिममा सहजता अनुभव गर्ने तथा तालिममा उत्सुक भै सामेल हुन्छन् । परिचयमा तालिम लिन इच्छुक हुनुको कारण, हालको व्यवसाय तथा ज्ञानको अवस्था र भविष्यमा तालिमबाट सिकेका सिप तथा ज्ञानको प्रयोग बारे सहभागीहरुलाई उल्लेख गर्न लगाउनु पर्दछ ।

**क्रियाकलाप २: तालिमका उद्देश्यहरू**

सहभागीहरुलाई तालिमको उद्देश्यहरु बारे प्रस्ट पार्नु पर्दछ। तालिमले सहभागीहरुको ज्ञान र सिपमा के-कस्तो परिवर्तन गर्ने उद्धेश्य राखेको छ, सो बारे प्रस्ट पार्नु पर्छ। उनीहरुलाई तालिममा के-कस्ता विषयहरु समेटिन्छन् र के-कस्ता विषयहरु समेटिदैनन् भनेर जानकारी दिनु पर्छ।

**क्रियाकलाप ३: सहभागीहरूको अपेक्षाहरू पत्ता लगाउने**

तालिमको पाठ्यक्रम विज्ञहरुको राय, परामर्श, पूर्व तालिमहरुको पृष्ठपोषणको आधारमा तयार गरिनु पर्दछ। यद्दपी सम्बन्धित तालिमका सहभागीहरुको खास अपेक्षाहरु के-के छन् जान्न जरुरी हुन्छ। सो को लागि मेटाकार्ड दिएर प्रत्येक सहभागीहरुलाई त्यसमा कम्तिमा ३ प्रमुख अपेक्षाहरु लेख्न लगाउने। सहभागीहरूबाट प्राप्त अपेक्षाहरू स्पष्ट पार्न छलफल गर्ने र तालिमको उद्देश्य अनुसार रहे नरहेको प्रष्ट हुने। तालिमको अन्तिम दिन पुनरावलोकन गर्न वा आवश्यकतानुसार बेग्लै सत्रहरूमा छलफल गर्नका लागि ती कार्डहरू राख्नु पर्दछ।

**क्रियाकलाप ४: अपेक्षाहरूको प्रतिक्रिया अनुरुप तालिमका उद्देश्य र सत्रहरू मिलाउने**

तालिमको उद्धेश्यहरु तथा सहभागीका अपेक्षाहरु बारेमा छलफल पश्चात सुनियोजित पाठ्यक्रम तथा संचालन तालिकामा सहभागीहरूको साझा सरोकारमा आधारित रहेर आवश्यक परिमार्जन गर्न सकिन्छ। यद्दपी, परिवर्तन तालिमको उद्देश्य अनुरुप रहे-नरहेको र थप भएको परिवर्तनले अपेक्षित उपलब्धि प्राप्त गर्न सकिने विषयमा प्रस्ट हुनु पर्दछ ।

**सत्र: २**

नेपालमा खेति गरिने च्याउका जात, जातीय विशेषता तथा जीवनचक्र

समयावधि : १ घण्टा ३० मिनेट

- विषय प्रवेश तथा वातावरण निर्माण: ५ मिनेट
- सैद्धान्तिक: १ घण्टा १० मिनेट
- छलफल: १५ मिनेट

**प्रशिक्षण विधि**

- प्रवचन
- छलफल तथा प्रश्नोत्तर

**प्रशिक्षण सामाग्री**

- प्रोजेक्टर र पावरप्वाईन्ट स्लाईडहरू, चित्र, फोटोहरू
- सेतो बोर्ड र बोर्ड मार्कर अथवा कालो बोर्ड र चक
- स्ट्याण्ड भएको फ्लिप चार्ट र मार्कर पेन अथवा पेन र मास्किङ्ग टेप सहित ठूलो ब्राउन पेपर
- मेटाकार्ड र कलम, नरम बोर्ड र पिनहरू

**क्रियाकलाप र अभ्यासहरू**

**क्रियाकलाप १: प्रवचन**

च्याउको पौष्टिक महत्व, नेपालमा खेति गरिने जातहरु र तिनीहरुको जातीय विशेषता, विषालु तथा खान सकिने जातहरु बिचको भिन्नता तथा च्याउको जिवन चक्र बारे जानकारी दिने । विस्तृत रुपमा जानकारी गराउन स्लाइड वा फोटोहरूको प्रयोग गर्ने ।

**क्रियाकलाप २: छलफल र प्रश्नोत्तर**

सहभागीहरुलाई नेपालका च्याउका जात तथा तिनका जातीय विशेषता तथा जीवनचक्र बारे जानकारी दिदै गर्दा प्रश्न सोध्नका लागि प्रोत्साहन गर्ने । प्रश्नको जवाफ अन्य सहभागीहरूको साथसाथै संयोजकले

पनि दिन सक्छन् । उपयुक्त भए सम्म सहभागीहरूलाई आफैँ जवाफ दिन र त्यसमा छलफल गर्न प्रोत्साहित गर्ने । सहभागीहरुद्वारा दिइएको जवाफ चित्त बुझ्दो नभएको अवस्थामा प्रशिक्षकले थप प्रस्ट पार्नु पर्दछ ।

**क्रियाकलाप ३: मुल्यांकन तथा सारांश**

- प्रशिक्षकले आफ्नो प्रस्तुति तथा शिर्षक अनुसार विषयहरुको जानकारीको बारेमा तालिम सहभागीहरुबाट जानकारी लिने ।
- बुँदागत रुपमा कक्षाको मुख्य बुँदाहरु सारांशको रुपमा राख्ने ।

**यस सत्र पछी हुने सिकाईहरु**

- नेपालमा पाईने च्याउका जातहरु चिन्नेछन् ।
- च्याउका जातिय विशेषताहरुको बारेमा थाहा पाउनेछन् ।
- च्याउको जीवनचक्रको बारेमा थाहा पाउनेछन् ।

**सत्र: ३**

**च्याउको गुणस्तरीय बिउ छनौट**

**समयावधि: १ घण्टा ३० मिनेट**

- विषय प्रवेश तथा वातावरण निर्माण: ५ मिनेट
- सैद्धान्तिक: ५५ मिनेट
- व्यवहारिक: ३० मिनेट

**प्रशिक्षण विधि**

- प्रवचन र प्रदर्शन
- छलफल तथा प्रश्नोत्तर

**प्रशिक्षण सामग्री**

- प्रोजेक्टर र पावरप्वाईन्ट स्लाईडहरू, चित्र, फोटोहरू
- सेतो बोर्ड र बोर्डमार्कर अथवा कालो बोर्ड र चक
- च्याउका बीउको नमुनाहरु

**क्रियाकलाप र अभ्यासहरू**

**क्रियाकलाप १: प्रवचन**

गुणस्तरीय च्याउ बिउ प्रयोगको महत्व तथा फाइदाहरु, गुणस्तरीय बिउको पहिचान गर्ने तरिका तथा बीउको गुणस्तर नघट्ने गरी भण्डारण गर्ने तरिकाबारे जानकारी दिने । विस्तृतरुपमा जानकारी गराउन स्लाइड, फोटोहरू तथा बीउका नमुनाहरुको प्रयोग गर्ने ।

**क्रियाकलाप २: छलफल र प्रश्नोत्तर**

सहभागीहरुलाई नेपालमा खेति गरिने विभिन्न जातका च्याउका गुणस्तरीय बीउ छनौट तथा गुणस्तरीय बीउको महत्वबारे जानकारी दिदै गर्दा प्रश्न सोध्नका लागि प्रोत्साहन गर्ने । प्रश्नको जवाफ अन्य सहभागीहरूको साथसाथै संयोजकले पनि दिन सक्छन् । उपयुक्त भए सम्म सहभागीहरूलाई आफैं जवाफ दिन र त्यसमा छलफल गर्न प्रोत्साहित गर्ने । सहभागीहरुद्वारा दिइएको जवाफ चित्त बुझ्दो नभएको अवस्थामा प्रशिक्षकले थप प्रस्ट पार्नु पर्दछ ।

**क्रियाकलाप ३: मुल्यांकन तथा सारांश**

- प्रशिक्षकले आफ्नो प्रस्तुति तथा शिर्षक अनुसार विषयहरुको जानकारीको बारेमा तालिम सहभागीहरुबाट जानकारी लिने ।
- बुँदागत रुपमा कक्षाको मुख्य बुँदाहरु सारांशको रुपमा राख्ने ।

**यस सत्र पछी हुने सिकाईहरु**

- गुणस्तरीय च्याउ बिउ चिन्ने र छनौट गर्न सक्ने हुनेछन् ।
- गुणस्तरीय च्याउ बिउ प्रयोगको महत्व तथा फाइदा बारेमा थाहा पाउनेछन् ।
- बीउको गुणस्तर नघट्ने गरी भण्डारण गर्ने तरिकाबारे थाहा पाउनेछन् ।

**दोस्रो दिन**

**सत्र: १**

**कन्ये च्याउ खेति प्रविधि**

**समयावधि: ३ घन्टा**

- विषय प्रवेश तथा वातावरण निर्माण: ५ मिनेट
- सैद्धान्तिक: १ घण्टा २५ मिनेट
- व्यावहारिक: १ घण्टा ३० मिनेट

**प्रशिक्षण विधि**

- प्रवचन

- व्यावहारिक अभ्यास
- छलफल तथा प्रश्नोत्तर

**प्रशिक्षण सामग्री**

- प्रोजेक्टर र पावरप्वाईन्ट स्लाईडहरू, चित्र, फोटोहरू
- सेतो बोर्ड र बोर्डमार्कर अथवा कालो बोर्ड र चक
- च्याउ बिउ, पराल, पोलीब्याग, डोरी, स्प्रिट, फर्मालिन
- पराल काट्ने हसिया अथवा चारा मेशिन, प्लास्टिक सिट, दाउरा, पराल बफाउने ड्रम, बोरा ।

**क्रियाकलाप र अभ्यासहरू**

**क्रियाकलाप १: प्रवचन**

कन्ये च्याउ खेतिको लागि आवश्यक हावापानी, आवश्यक सामाग्रीहरु, खेति गर्ने प्रविधि, व्यवस्थापन तथा उत्पादन पछिको टिपाई बारे जानकारी दिने । विस्तृत रुपमा जानकारी गराउन स्लाइड तथा फोटोहरूको प्रयोग गर्ने ।

**क्रियाकलाप २: व्यावहारिक अभ्यास**

सहभागीहरुलाई कन्ये च्याउ खेति गर्ने प्रविधिका अभ्यासहरु गराउने

चरण १: कटाई गरेको पराल ड्रममा भिजाउन लगाउने ।

चरण २: परालालाई बफ्याउन तथा बाफिएको पत्ता लगाउन लाउने ।

चरण ३: पोलिब्याग भर्न तथा बिउ रोप्न लगाउने ।

चरण ४: च्याउ घर निर्मलीकरण गर्न तथा च्याउ घरमा पोकाहरु राख्न लगाउने ।

**क्रियाकलाप ३: छलफल र प्रश्नोत्तर**

सहभागीहरुलाई कन्ये च्याउ खेतिको लागि आवश्यक हावापानी, आवश्यक सामाग्रीहरु तथा खेति गर्ने प्रविधिबारे जानकारी दिदै गर्दा प्रश्न सोध्नका लागि प्रोत्साहन गर्ने । प्रश्नको जवाफ अन्य सहभागीहरूको साथसाथै संयोजकले पनि दिन सक्छन् । उपयुक्त भए सम्म सहभागीहरूलाई आफैँ जवाफ दिन र त्यसमा छलफल गर्न प्रोत्साहित गर्ने । सहभागीहरुद्वारा दिइएको जवाफ चित्त बुझ्दो नभएको अवस्थामा प्रशिक्षकले थप प्रस्ट पार्नु पर्दछ ।

**क्रियाकलाप ४: मुल्यांकन तथा सारांश**

- प्रशिक्षकले आफ्नो प्रस्तुति तथा शिर्षक अनुसार विषयहरुको जानकारीको बारेमा तालिम सहभागीहरुबाट जानकारी लिने ।

- बुँदागत रुपमा कक्षाको मुख्य बुँदाहरु सारांशको रुपमा राख्ने ।

**यस सत्र पछी हुने सिकाईहरु**

- कन्ये च्याउ खेतीको लागि आवश्यक हावापानी तथा सामाग्री बारे थाहा पाउनेछन् ।
- कन्ये च्याउ खेति गर्न सक्षम हुनेछन् ।
- कन्ये च्याउ खेतिको चुनौती बारे थाहा पाउनेछन् ।

**सत्रः २**

**दुधे च्याउ खेति प्रविधि**

**समयावधिः ३ घन्टा**

- विषय प्रवेश तथा वातावरण निर्माणः ५ मिनेट
- सैद्धान्तिकः १ घण्टा २५ मिनेट
- व्यावहारिकः १ घण्टा ३० मिनेट

**प्रशिक्षण विधि**

- प्रवचन
- व्यावहारिक अभ्यास
- छलफल तथा प्रश्नोत्तर

**प्रशिक्षण सामग्री**

- प्रोजेक्टर र पावरप्वाईन्ट स्लाईडहरू, चित्र, फोटोहरू
- सेतो बोर्ड र बोर्डमार्कर अथवा कालो बोर्ड र चक
- च्याउ बिउ, पराल, पोलीब्याग, डोरी, स्प्रिट, फर्मालिन, उपचार गरेको माटो
- पराल काट्ने हसिया अथवा चारा मेशिन, प्लास्टिक सिट, दाउरा, पराल बफाउने ड्रम, बोरा ।

**क्रियाकलाप र अभ्यासहरू**

**क्रियाकलाप १ः प्रवचन**

दुधे च्याउ खेतिको लागि आवश्यक हावापानी, आवश्यक सामाग्रीहरु, खेति गर्ने प्रविधि, व्यवस्थापन तथा उत्पादन पछिको टिपाई बारे जानकारी दिने । विस्तृतरुपमा जानकारी गराउन स्लाइड तथा फोटोहरूको प्रयोग गर्ने ।

**क्रियाकलाप २: व्यावहारिक अभ्यास**

सहभागीहरुलाई दुधे च्याउ खेति गर्ने प्रविधिका अभ्यासहरु गराउने ।

चरण १: कटाई गरेको पराल ड्रममा भिजाउन लगाउने ।

चरण २: परालालाई बफ्याउन तथा बाफिएको पत्ता लगाउन लाउने ।

चरण ३: पोलीब्याग भर्न तथा बिउ रोप्न लगाउने ।

चरण ४: च्याउ घर निर्मलीकरण गर्न तथा च्याउ घरमा पोकाहरु राख्न लगाउने ।

चरण ५: ढुसीले ढाकेपछीको पोकाहरुलाई कसरी केसिङ्ग गरिन्छ, त्यो अभ्यास गराउने ।

**क्रियाकलाप ३: छलफल र प्रश्नोत्तर**

सहभागीहरुलाई दुधे च्याउ खेतिको लागि आवश्यक हावापानी, आवश्यक सामाग्रीहरु तथा खेति गर्ने प्रविधिबारे जानकारी दिदै गर्दा प्रश्न सोध्नका लागि प्रोत्साहन गर्ने । प्रश्नको जवाफ अन्य सहभागीहरूको साथसाथै संयोजकले पनि दिन सक्छन् । उपयुक्त भए सम्म सहभागीहरूलाई आफैँ जवाफ दिन र त्यसमा छलफल गर्न प्रोत्साहित गर्ने । सहभागीहरुद्वारा दिइएको जवाफ चित्त बुझ्दो नभएको अवस्थामा प्रशिक्षकले थप प्रस्ट पार्नु पर्दछ ।

**क्रियाकलाप ४: मुल्यांकन तथा सारांश**

- प्रशिक्षकले आफ्नो प्रस्तुति तथा शिर्षक अनुसार विषयहरुको जानकारीको बारेमा तालिम सहभागीहरुबाट जानकारी लिने ।
- बुँदागत रुपमा कक्षाको मुख्य बुँदाहरु सारांशको रुपमा राख्ने ।

**यस सत्र पछी हुने सिकाईहरु**

- दुधे च्याउ खेतीको लागि आवश्यक हावापानी तथा सामाग्री बारे थाहा पाउनेछन् ।
- दुधे च्याउ खेति गर्न सक्षम हुनेछन ।
- दुधे च्याउ खेतिको चुनौती बारे थाहा पाउनेछन् ।

**तेस्रो दिन**

**सत्र: १**

**सिताके च्याउ खेति प्रविधि**

**समयावधि: ३ घन्टा**

- विषय प्रवेश तथा वातावरण निर्माण: ५ मिनेट
- सैद्धान्तिक: १ घण्टा २५ मिनेट
- व्यावहारिक: १ घण्टा ३० मिनेट

**प्रशिक्षण विधि**

- प्रवचन
- व्यावहारिक अभ्यास
- छलफल तथा प्रश्नोत्तर

**प्रशिक्षण सामग्री**

- प्रोजेक्टर र पावरप्वाईन्ट स्लाईडहरू, चित्र, फोटोहरू
- सेतो बोर्ड र बोर्डमार्कर अथवा कालो बोर्ड र चक
- च्याउ बिउ, काठ (ओखर, उत्तिस, कटुस, लाकुरी, खस्रु), मैन, प्लास्टिक सिट, खोटो/गम, रड
- काठ ड्रिल मेसिन, मैन पगाल्ने भाडो

**क्रियाकलाप र अभ्यासहरू**

**क्रियाकलाप १ः प्रवचन**

सिताके च्याउ खेतिको लागि आवश्यक हावापानी, आवश्यक सामाग्रीहरु, खेति गर्ने प्रविधि, व्यवस्थापन तथा उत्पादन अघि र उत्पादन पछि मुढाको हेरचाह बारे जानकारी दिने । विस्तृत रुपमा जानकारी गराउन स्लाइड तथा फोटोहरूको प्रयोग गर्ने ।

**क्रियाकलाप २ः व्यावहारिक अभ्यास**

सहभागीहरुलाई सिताके च्याउ खेति गर्ने प्रविधिका अभ्यासहरु गराउने

चरण १ः उपयुक्त मुढा छनौट गरेर मुढामा ड्रिल (प्वाल बनाउने) बनाउन लगाउने ।

चरण २ः मुढामा बीउ रोप्न लगाउने ।

चरण ३ः बीउ रोपेको मुढा मैनले टाल्न लगाउने ।

चरण ४ः बीउ रोपी टालेको मुढालाई चांग लाएर राख्न लगाउने ।

**क्रियाकलाप ३ः छलफल र प्रश्नोत्तर**

सहभागीहरुलाई सिताके च्याउ खेतिको लागि आवश्यक हावापानी, आवश्यक सामाग्रीहरु तथा खेति गर्ने प्रविधिबारे जानकारी दिदै गर्दा प्रश्न सोध्नका लागि प्रोत्साहन गर्ने । प्रश्नको जवाफ अन्य सहभागीहरूको साथसाथै संयोजकले पनि दिन सक्छन् । उपयुक्त भए सम्म सहभागीहरूलाई आफैं जवाफ दिन र त्यसमा छलफल गर्न प्रोत्साहित गर्ने । सहभागीहरुद्वारा दिइएको जवाफ चित्त बुभ्दो नभएको अवस्थामा प्रशिक्षकले थप प्रस्ट पार्नु पर्दछ ।

**क्रियाकलाप ४: मुल्यांकन तथा सारांश**

- प्रशिक्षकले आफ्नो प्रस्तुति तथा शिर्षक अनुसार विषयहरुको जानकारीको बारेमा तालिम सहभागीहरुबाट जानकारी लिने ।
- बुँदागत रुपमा कक्षाको मुख्य बुँदाहरु सारांशको रुपमा राख्ने ।

**यस सत्र पछी हुने सिकाईहरु**

- सिताके च्याउ खेतीको लागि आवश्यक हावापानी तथा सामाग्री बारे थाहा पाउनेछन्
- सिताके च्याउ खेति गर्न सक्षम हुनेछन ।
- सिताके च्याउ खेतिको चुनौती बारे थाहा पाउनेछन् ।

**सत्र: २**

**गोब्रे च्याउ खेति प्रविधि**

**समयावधिः ३ घन्टा**

- विषय प्रवेश तथा वातावरण निर्माण: ५ मिनेट
- सैद्धान्तिक: १ घण्टा २५ मिनेट
- व्यावहारिक: १ घण्टा ३० मिनेट

**प्रशिक्षण विधि**

- प्रवचन
- व्यावहारिक अभ्यास
- छलफल तथा प्रश्नोत्तर

**प्रशिक्षण सामग्री**

- प्रोजेक्टर र पावरप्वाईन्ट स्लाईडहरू, चित्र, फोटोहरू
- सेतो बोर्ड र बोर्डमार्कर अथवा कालो बोर्ड र चक
- च्याउ बिउ, पराल, युरिया, डीएपी, एमोनियम सल्फेट, कृषि चुन,
- फर्मालिन, डाइथेन एम ४५, नुभान, कम्पोष्ट मल

**क्रियाकलाप र अभ्यासहरू**

**क्रियाकलाप १: प्रवचन**

गोब्रे च्याउ खेतिको लागि आवश्यक हावापानी, आवश्यक सामाग्रीहरु, खेति गर्ने प्रविधि तथा व्यवस्थापन बारे जानकारी दिने । विस्तृतरुपमा जानकारी गराउन स्लाइड तथा फोटोहरूको प्रयोग गर्ने ।

**क्रियाकलाप २: व्यावहारिक अभ्यास**

सहभागीहरुलाई गोब्रे च्याउ खेति गर्ने प्रविधिका अभ्यासहरु गराउने

चरण १: कम्पोस्ट मल बनाउन लगाउने ।

चरण २: च्याउ राख्ने ब्याड बनाउन लगाउने ।

चरण ३: तयार ब्याडमा च्याउको बिउ रोप्न लगाउने ।

चरण ४: बीउ रोपेको ब्याडमा केसिंग गर्न लगाउने ।

**क्रियाकलाप ३: छलफल र प्रश्नोत्तर**

सहभागीहरुलाई गोब्रे च्याउ खेतिको लागि आवश्यक हावापानी, आवश्यक सामाग्रीहरु तथा खेति गर्ने प्रविधिबारे जानकारी दिदै गर्दा प्रश्न सोध्नका लागि प्रोत्साहन गर्ने । प्रश्नको जवाफ अन्य सहभागीहरूको साथसाथै संयोजकले पनि दिन सक्छन् । उपयुक्त भए सम्म सहभागीहरूलाई आफैँ जवाफ दिन र त्यसमा छलफल गर्न प्रोत्साहित गर्ने । सहभागीहरुद्वारा दिइएको जवाफ चित्त बुभ्दो नभएको अवस्थामा प्रशिक्षकले थप प्रस्ट पार्नु पर्दछ ।

**क्रियाकलाप ४: मुल्यांकन तथा सारांश**

- प्रशिक्षकले आफ्नो प्रस्तुति तथा शिर्षक अनुसार विषयहरुको जानकारीको बारेमा तालिम सहभागीहरुबाट जानकारी लिने ।
- बुँदागत रुपमा कक्षाको मुख्य बुँदाहरु सारांशको रुपमा राख्ने ।

**यस सत्र पछी हुने सिकाईहरु**

- गोब्रे च्याउ खेतीको लागि आवश्यक हावापानी तथा सामाग्री बारे थाहा पाउनेछन् ।
- गोब्रे च्याउ खेति गर्न सक्षम हुनेछन् ।
- गोब्रे च्याउ खेतिको चुनौती बारे थाहा पाउनेछन् ।

**चौथो दिन**

**सत्रः १**

**च्याउको रोगकिरा र तिनको व्यवस्थापन**

**समयावधिः ३ घन्टा**

- विषय प्रवेश तथा वातावरण निर्माणः ५ मिनेट
- सैद्धान्तिकः २ घण्टा १० मिनेट
- व्यावहारिकः ४५ मिनेट

**प्रशिक्षण विधि**

- प्रवचन
- व्यावहारिक अभ्यास
- छलफल तथा प्रश्नोत्तर

**प्रशिक्षण सामग्री**

- प्रोजेक्टर र पावरप्वाईन्ट स्लाईडहरू, चित्र, फोटोहरू
- सेतो बोर्ड र बोर्डमार्कर अथवा कालो बोर्ड र चक
- रोग किरा लागेको च्याउको नमुना

**क्रियाकलाप र अभ्यासहरू**

**क्रियाकलाप १ः प्रवचन**

च्याउमा लाग्ने विभिन्न खाले रोग तथा किराहरु, लाग्ने अवस्था र कारण, तिनको पहिचान तथा व्यवस्थापन बारे जानकारी दिने । विस्तृतरुपमा जानकारी गराउन स्लाइड तथा फोटोहरूको प्रयोग गर्ने ।

**क्रियाकलाप २ः व्यावहारिक अभ्यास**

सहभागीहरुको अगाडी विभिन्न खाले रोग तथा किरा लागेका च्याउको नमुनाहरु राख्ने र प्रवचनको आधारमा कुन रोग तथा किरा हो, पहिचान गर्न लगाउने ।

**क्रियाकलाप ३ः छलफल र प्रश्नोत्तर**

सहभागीहरुलाई च्याउमा लाग्ने विभिन्न खाले रोग तथा किराहरु, लाग्ने अवस्था र कारण, तिनको पहिचान तथा व्यवस्थापन बारे जानकारी दिदै गर्दा प्रश्न सोध्नका लागि प्रोत्साहन गर्ने । प्रश्नको जवाफ अन्य सहभागीहरूको साथसाथै संयोजकले पनि दिन सक्छन् । उपयुक्त भए सम्म सहभागीहरूलाई आफैं जवाफ दिन र त्यसमा छलफल गर्न प्रोत्साहित गर्ने । सहभागीहरुद्वारा दिइएको जवाफ चित्त बुझ्दो नभएको अवस्थामा प्रशिक्षकले थप प्रस्ट पार्नु पर्दछ ।

**क्रियाकलाप ४ः मुल्यांकन तथा सारांश**

- प्रशिक्षकले आफ्नो प्रस्तुति तथा शिर्षक अनुसार विषयहरुको जानकारीको बारेमा तालिम सहभागीहरुबाट जानकारी लिने ।
- बुँदागत रुपमा कक्षाको मुख्य बुँदाहरु सारांशको रुपमा राख्ने ।

**यस सत्र पछी हुने सिकाईहरु**

- च्याउमा रोग र किरा लाग्ने अवस्था बारे जानकारी पाउनेछन् ।
- विभिन्न खाले रोग तथा किरा पहिचान गर्न सक्षम हुनेछन् ।
- ती रोग तथा किराहरुको व्यवस्थापन गर्न सक्षम हुनेछन् ।

**सत्र २:**

**च्याउको टहरा निर्माण र व्यवस्थापन**

**समयावधि: ३ घन्टा**

- विषय प्रवेश तथा वातावरण निर्माण: ५ मिनेट
- सैद्धान्तिक: ५५ मिनेट
- व्यावहारिक: २ घन्टा

**प्रशिक्षण विधि**

- प्रवचन
- व्यावहारिक अभ्यास
- छलफल तथा प्रश्नोत्तर

**प्रशिक्षण सामग्री**

- प्रोजेक्टर र पावरप्वाईन्ट स्लाईडहरू, चित्र, फोटोहरू
- सेतो बोर्ड र बोर्डमार्कर अथवा कालो बोर्ड र चक
- बाँस, खर, कालो प्लास्टिक, डोरी, फरुवा, खन्ती

**क्रियाकलाप र अभ्यासहरू**

**क्रियाकलाप १: प्रवचन**

च्याउ घर निर्माणका लागि स्थान छनौट, च्याउ घरका प्रकारहरु, च्याउ घर निर्माण गर्न आवश्यक पर्ने सामाग्रीहरु, च्याउ घर निर्माण गर्ने तरिका तथा च्याउ घर निर्माण गर्दा ध्यान दिनु पर्ने कुराहरुबारे जानकारी दिने । विस्तृतरुपमा जानकारी गराउन स्लाइड तथा फोटोहरूको प्रयोग गर्ने ।

**क्रियाकलाप २: व्यावहारिक अभ्यास**

सहभागीहरुलाई बाँस, खर तथा कालो प्लास्टिकको प्रयोग गरी च्याउ घर निर्माण गर्न लगाउने ।

**क्रियाकलाप ३: छलफल र प्रश्नोत्तर**

सहभागीहरुलाई च्याउ घर निर्माणका लागि स्थान छनौट, च्याउ घरका प्रकारहरु, च्याउ घर निर्माण गर्न आवश्यक पर्ने सामाग्रीहरु तथा च्याउ घर निर्माण गर्ने तरिकाबारे जानकारी दिदै गर्दा प्रश्न सोध्नका लागि प्रोत्साहन गर्ने । प्रश्नको जवाफ अन्य सहभागीहरूको साथसाथै संयोजकले पनि दिन सक्छन् । उपयुक्त भए सम्म सहभागीहरूलाई आफैं जवाफ दिन र त्यसमा छलफल गर्न प्रोत्साहित गर्ने । सहभागीहरुद्वारा दिइएको जवाफ चित्त बुझ्दो नभएको अवस्थामा प्रशिक्षकले थप प्रस्ट पार्नु पर्दछ ।

**क्रियाकलाप ४: मुल्यांकन तथा सारांश**

- प्रशिक्षकले आफ्नो प्रस्तुति तथा शिर्षक अनुसार विषयहरुको जानकारीको बारेमा तालिम सहभागीहरुबाट जानकारी लिने ।
- बुँदागत रुपमा कक्षाको मुख्य बुँदाहरु सारांशको रुपमा राख्ने ।

**यस सत्र पछी हुने सिकाईहरु**

- आधुनिक प्रविधिको च्याउ घर निर्माण गर्ने बारे थाहा पाउनेछन् ।
- स्थानिय प्रविधिहरु प्रयोग गरी च्याउ घर निर्माण गर्न सक्षम हुनेछन् ।

**पाचौं दिन**

**सत्रः १**

**सफल उद्यम व्यवसाय अवलोकन तथा उद्यमीसंग अन्तरकृया (अवलोकन भ्रमण)**

**समयावधिः ६ घन्टा**

- सैद्धान्तिकः २ घण्टा
- व्यावहारिकः ४ घण्टा

**प्रशिक्षण विधि**

- प्रवचन
- अवलोकन
- छलफल तथा प्रश्नोत्तर

**प्रशिक्षण सामग्री**

- नमुना फार्म

**क्रियाकलाप र अभ्यासहरू**

**क्रियाकलाप १: प्रवचन तथा अवलोकन**

च्याउ खेति उद्यमीले हाल गरिरहेको गतिविधि, व्यवसायको सबल तथा कमजोर पक्ष, सम्भावना, चुनौती, बजारीकरण तथा अन्य अनुभवहरु सहभागीहरुलाई उद्यमीबाट सुनाउन लगाउने। विस्तृत रुपमा जानकारी गराउन उद्यमीले आफ्नो फार्ममा गरिरहेका गतिविधि तथा संरचनाहरु बारे सहभागीहरुलाई अवलोकन गर्न लगाउने।

**क्रियाकलाप २: छलफल र प्रश्नोत्तर**

सहभागीहरुलाई च्याउ खेतिका राम्रा र कमजोर पक्ष तथा बजारीकरण सम्बन्धि अनुभवहरु बुझ्न र जिज्ञासाहरु उद्यमीहरुसंग प्रश्न गर्न प्रोत्साहन गर्ने। उद्यमी र सहभागी बीच प्रश्न र उत्तरको प्रक्रियालाई संयोजकद्वारा सहजीकरण गरिदिने र आवश्यकता अनुसार थप प्रस्ट हुने खालका प्रश्न र जानकारीहरु राख्ने।

**क्रियाकलाप ३: मुल्यांकन तथा सारांश**

- प्रशिक्षकले आफ्नो प्रस्तुति तथा शिर्षक अनुसार विषयहरुको जानकारीको बारेमा तालिम सहभागीहरुबाट जानकारी लिने।
- बुँदागत रुपमा कक्षाको मुख्य बुँदाहरु सारांशको रुपमा राख्ने।

**यस सत्र पछी हुने सिकाईहरु**

- सहभागीहरूले विभिन्न च्याउ उत्पादकहरूको गतिविधि र सफल र असफल च्याउ उत्पादन सम्बन्धी प्रारम्भिक जानकारी पाउने छन्।
- च्याउ खेतीको महत्व, यसका सम्भावना, चुनौती तथा अवस्थाहरूबारे बुझ्नेछन् र सफल च्याउ उद्यमी बन्ने प्रेरणा पाउनेछन्।

**छैठौं दिन**

**सत्र १:**

**बेमौसमी च्याउ उत्पादन प्रविधि**

**समयावधि: १ घण्टा ३० मिनेट**

- विषय प्रवेश तथा वातावरण निर्माण: ५ मिनेट
- सैद्धान्तिक: ५५ मिनेट
- छलफल: ३० मिनेट

**प्रशिक्षण विधि**

- प्रवचन

- छलफल तथा प्रश्नोत्तर

**प्रशिक्षण सामग्री**

- प्रोजेक्टर र पावरप्वाईन्ट स्लाईडहरू, चित्र, फोटोहरू
- सेतो बोर्ड र बोर्डमार्कर अथवा कालो बोर्ड र चक
- स्ट्याण्ड भएको फ्लिप चार्ट र मार्कर पेन अथवा पेन र मास्किङ्ग टेप सहित ठूलो ब्राउन पेपर
- मेटाकार्ड र कलम, नरम बोर्ड र पिनहरू

**क्रियाकलाप र अभ्यासहरू**

**क्रियाकलाप १ः प्रवचन**

बेमौसमी च्याउ उत्पादन गर्न सकिने अवस्था, आवश्यक सामाग्री तथा सिप, त्यसका समस्या तथा फाइदाहरु बारे जानकारी दिने । विस्तृत रुपमा जानकारी गराउन स्लाइड वा फोटोहरूको प्रयोग गर्ने ।

**क्रियाकलाप २ः छलफल र प्रश्नोत्तर**

सहभागीहरुलाई बेमौसमी च्याउ उत्पादन प्रविधि बारे जानकारी दिदै गर्दा प्रश्न सोध्नका लागि प्रोत्साहन गर्ने । प्रश्नको जवाफ अन्य सहभागीहरूको साथसाथै संयोजकले पनि दिन सक्छन् । उपयुक्त भए सम्म सहभागीहरूलाई आफैं जवाफ दिन र त्यसमा छलफल गर्न प्रोत्साहित गर्ने । सहभागीहरुद्वारा दिइएको जवाफ चित्त बुझ्दो नभएको अवस्थामा प्रशिक्षकले थप प्रस्ट पार्नु पर्दछ ।

**क्रियाकलाप ३ः मुल्यांकन तथा सारांश**

- प्रशिक्षकले आफ्नो प्रस्तुति तथा शिर्षक अनुसार विषयहरुको जानकारीको बारेमा तालिम सहभागीहरुबाट जानकारी लिने ।
- बुँदागत रुपमा कक्षाको मुख्य बुँदाहरु सारांशको रुपमा राख्ने ।

**यस सत्र पछी हुने सिकाईहरु**

- बेमौसमी च्याउ उत्पादन प्रविधिहरु बारे जान्नेछन् ।

**सत्र २ः**

**च्याउ टिपाई पछीको व्यवस्थापन**

**समयावधिः ३ घण्टा**

- विषय प्रवेश तथा वातावरण निर्माणः ५ मिनेट

- सैद्धान्तिकः ५५ मिनेट
- व्यावहारिकः २ घण्टा

**प्रशिक्षण विधि**

- प्रवचन
- व्यावहारिक अभ्यास
- छलफल तथा प्रश्नोत्तर

**प्रशिक्षण सामग्री**

- प्रोजेक्टर र पावरप्वाईन्ट स्लाईडहरू, चित्र, फोटोहरू
- सेतो बोर्ड र बोर्डमार्कर अथवा कालो बोर्ड र चक
- च्याउ, नुन, सिट्रिक एसिड, पोटासीएम मेटाबाइसल्फाइड
- क्यानिंग तथा बनाउने परिकारहरु अनुसार सामाग्री

**क्रियाकलाप र अभ्यासहरू**

**क्रियाकलाप १ः प्रवचन**

च्याउको टिपाईको उपयुक्त अवस्था र समय, टिपाई पछीको क्षति न्यूनीकरण, भण्डारण, मुल्य श्रृंखला तथा अभिवृद्धिकरण बारे जानकारी दिने । विस्तृत रुपमा जानकारी गराउन स्लाइड तथा फोटोहरूको प्रयोग गर्ने ।

**क्रियाकलाप २ः व्यावहारिक अभ्यास**

सहभागीहरुलाई च्याउ भण्डारणका विभिन्न प्रविधिहरु जस्तै सुकाउने, सीसीमा सुरक्षित गर्ने (बोटलिंग) तथा क्यानिंग गर्न लगाउने । त्यसका साथै सहभागीहरुलाई च्याउका विभिन्न खाले परिकारहरु बनाउन लगाउने ।

**क्रियाकलाप ३ः छलफल र प्रश्नोत्तर**

सहभागीहरुलाई च्याउको टिपाई पछीको क्षति न्यूनीकरण, भण्डारण, मुल्य श्रृंखला तथा अभिवृद्धिकरण बारे जानकारी दिदै गर्दा प्रश्न सोध्नका लागि प्रोत्साहन गर्ने । प्रश्नको जवाफ अन्य सहभागीहरूको साथसाथै संयोजकले पनि दिन सक्छन् । उपयुक्त भए सम्म सहभागीहरूलाई आफैं जवाफ दिन र त्यसमा छलफल गर्न प्रोत्साहित गर्ने । सहभागीहरुद्वारा दिइएको जवाफ चित्त बुझ्दो नभएको अवस्थामा प्रशिक्षकले थप प्रस्ट पार्नु पर्दछ ।

**क्रियाकलाप ४: मुल्यांकन तथा सारांश**

- प्रशिक्षकले आफ्नो प्रस्तुति तथा शिर्षक अनुसार विषयहरुको जानकारीको बारेमा तालिम सहभागीहरुबाट जानकारी लिने ।
- बुँदागत रुपमा कक्षाको मुख्य बुँदाहरु सारांशको रुपमा राख्ने ।

**यस सत्र पछी हुने सिकाईहरु**

- च्याउ टिपाईको उपयुक्त समय र अवस्था बारे थाहा पाउनेछन् ।
- च्याउको भण्डारण तथा टिपाई पछिको क्षति न्यूनीकरण गर्न सक्षम हुनेछन् ।
- च्याउको मुल्य श्रृंखला तथा अभिवृद्धिकरण बारे थाहा पाउनेछन् ।

**सत्र ३:**
**मुल्यांकन तथा समापन**
**समयावधि: १ घण्टा ३० मिनेट**
**उद्देश्यहरू**

- सहभागीहरू अपेक्षा र तालिम संचालन बीच मुल्यांकन गर्ने ।
- तालिमको पृष्ठपोषण लिने ।
- तालिमको उद्धेश्य तथा उपलब्धिको मुल्यांकन गर्ने ।

**क्रियाकलाप र अभ्यासहरू**

**क्रियाकलाप १: तालिम अपेक्षाहरु तथा उपलब्धिको मुल्यांकन**

तालिमबाट कति सहभागीहरु सन्तुष्ट भए र तिनीहरूको अपेक्षाहरू कति हद सम्म पूरा भयो भनेर सहभागीहरूलाई सोध्ने । अपेक्षा गरिएका विषयहरुबाट अपेक्षित ज्ञान तथा सीप प्राप्त भए नभएको जानकारी लिने । त्यसका अलवा सहभागीहरुले के-के सिके र तालिमको उपलब्धि के रह्यो भनेर जाच्न पश्चात जांच लिने ।

**क्रियाकलाप २: पृष्ठपोषण**

सहभागीहरूलाई तालिमको कुन कुन पक्ष मनपर्यो, कुन मन परेन र तालिमबाट के के सिकियो सोको जानकारी लिने समग्रमा तालिमको विषयवस्तु, तालिमका प्रक्रिया र विधिहरू बारे पृष्ठपोषण लिने र भविष्यमा तालिमलाई सहभागितामुलक बनाई अझ कसरी उत्कृष्ट बनाउन सकिन्छ भन्ने बारेमा सुझावहरू लिने । यसरी प्राप्त सुझावहरुलाई अभिलेखिकरण गर्ने र सबै सहभागीहरूलाई तिनीहरूका सुझावहरू र पृष्ठपोषणका लागि धन्यवाद दिने । सबै पृष्ठपोषणलाई सकारात्मक भावनाले लिने र भविष्यमा तालिमका सत्रहरूमा सकारात्मक परिवर्तन ल्याउनमा प्रयोग गर्ने ।

**क्रियाकलाप ३: समापन**

पृष्ठपोषण सत्र पश्चात औपचारिक समापन सत्र आयोजन गरी सबै सहभागीहरू र अन्य सहकर्मीहरू, जसले तालिम कार्यक्रमलाई सफल र समृद्ध बनाउन सक्रीय रुपमा भाग लिएका छन्, उनीहरूलाई धन्यवाद दिने। प्रमाणपत्र वितरण गरेर सहभागीहरूबाट तालिमबाट सिकेका कुराहरु आफ्नो कर्म थलोमा प्रयोग गर्ने प्रतिबद्धता लिने ।

# मौरी पालन तालिम

**प्रथम दिन**

**सत्र १:**

**उद्घाटनः सहभागी दर्ता, परिचय, अपेक्षा संकलन तथा तालिमका उद्धेश्यहरुबारे जानकारी**

**समयावधिः १ घण्टा ३० मिनेट**

**उद्देश्यहरू**

- सहभागीहरू र स्रोत व्यक्तिहरूको परिचय गराउने ।
- तालिमका लागि सहभागीहरूको अपेक्षा पत्ता लगाउने ।
- तालिमका उद्देश्यहरू बारे जानकारी गराई सहभागीहरू सँग अपेक्षाबारे छलफल गर्ने ।
- तालिमसँग सम्बन्धित कुनै पनि जिज्ञासाहरू सहभागीहरूले उठाएमा छलफल गर्ने ।

**क्रियाकलाप र अभ्यासहरू**

**क्रियाकलाप १: सहभागीहरूको दर्ता तथा परिचय**

तालिम एक वयस्क शिक्षा भएकाले सहभागीहरुले धेरै भन्दा धेरै सिप र ज्ञान प्राप्त गर्न सकुन भन्नका निम्ति यस सत्रको प्रयोग गर्नु पर्छ । सहभागीहरुको परिचयलाई विभिन्न ठट्टा वा रमाईलो खेलहरुसंग जोडेर संचालन गर्नु पर्दछ । जसले गर्दा सहभागीहरु एक-आपस तथा तालिम संचालकसंग खुल्न सक्ने, तालिममा सहजता अनुभव गर्ने तथा तालिममा उत्सुक भै सामेल हुन्छन् । परिचयमा तालिम लिन इच्छुक हुनुको कारण, हालको व्यवसाय तथा ज्ञानको अवस्था, र भविष्यमा तालिमबाट सिकेका सिप तथा ज्ञानको प्रयोग बारे सहभागीहरुलाई उल्लेख गर्न लगाउनु पर्दछ ।

**क्रियाकलाप २: तालिमका उद्देश्यहरू**

सहभागीहरुलाई तालिमको उद्देश्यहरु बारे प्रस्ट पार्नु पर्दछ । तालिमले सहभागीहरुको ज्ञान र सिपमा के-कस्तो परिवर्तन गर्ने उद्धेश्य राखेको छ, सो बारे प्रस्ट पार्नु पर्छ । उनीहरुलाई तालिममा के-कस्ता विषयहरु समेटिन्छन् र के-कस्ता विषयहरु समेटिदैनन् भनेर जानकारी दिनु पर्छ ।

**क्रियाकलाप ३: सहभागीहरूको अपेक्षाहरू पत्ता लगाउने**

तालिमको पाठ्यक्रम विज्ञहरुको राय, परामर्श, पुर्व तालिमहरुको पृष्ठपोषणको आधारमा तयार गरिनु पर्दछ । यद्दपी सम्बन्धित तालिमका सहभागीहरुको खास अपेक्षाहरु के-के छन् जान्न जरुरी हुन्छ । सो को लागि मेटाकार्ड दिएर प्रत्येक सहभागीहरुलाई त्यसमा कम्तिमा ३ प्रमुख अपेक्षाहरु लेख्न लगाउने । सहभागीहरूबाट प्राप्त अपेक्षाहरू स्पष्ट पार्न छलफल गर्ने र तालिमको उद्देश्य अनुसार रहे नरहेको प्रष्ट हुने । तालिमको अन्तिम दिन पुनरावलोकन गर्न वा आवश्यकता अनुसार बेग्लै सत्रहरूमा छलफल गर्नका लागि त्यी कार्डहरू राख्नु पर्दछ ।

**क्रियाकलाप ४: अपेक्षाहरूको प्रतिक्रिया अनुरुप तालिमका उद्देश्य र सत्रहरू मिलाउने**

तालिमको उद्धेश्यहरु तथा सहभागीका अपेक्षाहरु बारेमा छलफल पश्चात सुनियोजित पाठ्यक्रम तथा संचालन तालिकामा सहभागीहरूको साझा सरोकारमा आधारित रहेर आवश्यक परिमार्जन गर्न सकिन्छ । यद्दपी, परिवर्तन तालिमको उद्देश्य अनुरुप रहे-नरहेको र थप भएको परिवर्तनले अपेक्षित उपलब्धि प्राप्त गर्न सकिने विषयमा प्रस्ट हुनु पर्दछ ।

**सत्र २:**

**नेपालमा पाइने मौरीका जातहरु र जातीय विशेषता एवम तिनको संरक्षण**

**समयावधिः १ घण्टा ३० मिनेट**

- विषय प्रवेश तथा वातावरण निर्माणः ५ मिनेट
- सैद्धान्तिकः ४० मिनेट
- व्यावहारिकः ४५ मिनेट

**प्रशिक्षण विधि**

- प्रवचन र प्रदर्शन
- छलफल तथा प्रश्नोत्तर

**प्रशिक्षण सामग्री**

- प्रोजेक्टर र पावरप्वाईन्ट स्लाईडहरू, चित्र, फोटोहरू
- सेतो बोर्ड र बोर्डमार्कर अथवा कालो बोर्डर चक
- मौरीका नमूनाहरू - जिउँदो वा मरेका

**क्रियाकलाप र अभ्यासहरू**

**क्रियाकलाप १: प्रवचन**

नेपालमा पाइने मौरीका विभिन्न जातहरू र तिनका जातीय विशेषताहरू, भौगोलिक अवस्थिति र चाका लगाउने तरिकाहरू, मौरीको उपयोगिता तथा तिनको संरक्षणबारे जानकारी दिने । विस्तृत रुपमा जानकारी गराउन स्लाइड तथा फोटोहरूको प्रयोग गर्ने ।

**क्रियाकलाप २: छलफल र प्रश्नोत्तर**

सहभागीहरूले मौरीका विभिन्न जातहरू छुट्याउन र पहिचान गर्न, तिनका जातीय विशेषताहरू थाहा पाउन र परागसेचनमा उपयोगीता एवम् तिनका संरक्षणको महत्व बारे बुझे नबुझेको पत्ता लगाउन छलफल र प्रश्नोत्तरको प्रयोग गर्ने । सहभागीहरुद्वारा सोधिएको प्रश्नको जवाफ सहभागीहरुलाई नै दिन प्रोत्साहन दिने र सहभागीहरुद्वारा दिइएको जवाफ चित्त बुझ्दो नभएको अवस्थामा प्रशिक्षकले थप प्रस्ट पार्नु पर्दछ ।

**क्रियाकलाप ३ : मुल्यांकन तथा सारांश**

- प्रशिक्षकले आफ्नो प्रस्तुति तथा शिर्षक अनुसार विषयहरुको जानकारीको बारेमा तालिम सहभागीहरुबाट जानकारी लिने ।
- बुँदागत रुपमा कक्षाको मुख्य बुँदाहरु सारांशको रुपमा राख्ने ।

**यस सत्र पछी हुने सिकाईहरु**

- नेपालमा पाइने मौरीका जातहरू चिन्नेछन् ।
- मौरीका जातीय विशेषताहरूको बारेमा थाहा पाउनेछन् ।
- कुन जातको मौरी कस्तो हावापानीमा पाल्ने भन्ने थाहा पाउनेछन् ।
- मौरीको संरक्षण र सम्बर्द्धन बारे सचेत हुनेछन् ।

**सत्र ३:**

**मौरीको जीवनचक्र, वर्ग विभाजन तथा पहिचान**

**समयावधि: १ घण्टा ३० मिनेट**

- विषय प्रवेश तथा वातावरण निर्माण: ५ मिनेट
- सैद्धान्तिक: ४० मिनेट
- व्यावहारिक: ४५ मिनेट

**प्रशिक्षण विधि**

- प्रवचन
- अवलोकन
- छलफल तथा प्रश्नोत्तर

**प्रशिक्षण सामग्री**

- प्रोजेक्टर र पावरप्वाईन्ट स्लाईडहरू, चित्र, फोटोहरू
- सेतो बोर्ड र बोर्डमार्कर अथवा कालो बोर्ड र चक
- मौरी गोला र छाउरा चाका भएको (फुल, छाउरा, प्यूपा) चलायमान घार
- मौरीका ३ किसिमका वर्गहरू
- मौरी गोला निरीक्षणका सामाग्रीहरु

**क्रियाकलाप र अभ्यासहरू**

**क्रियाकलाप १: प्रवचन**

मौरीको जीवनचक्र, गोलामा हुने मौरीका ३ वर्ग, वर्ग बमोजिम पहिचान तथा कार्य विभाजन बारे

जानकारी दिने । विस्तृतरुपमा जानकारी गराउन स्लाइड तथा फोटोहरूको प्रयोग गर्ने ।

**क्रियाकलाप २: अवलोकन**

मौरी घारको जीवनचक्रका अवस्थाहरु तथा वर्गहरु पहिचान गर्न चरणवद्ध अभ्यास गर्ने;

चरण १: मौरीघार खोलेर हेर्नुअघि अपनाउनुपर्ने सावधानीबारे जानकारी गराउने ।

चरण २: मौरीघार खोली मौरीको फुल, लार्भा, प्यूपा र वयस्क अवस्थालाई प्रवचनका आधारमा पहिचान गर्न लगाउने ।

चरण ३: मौरीघारमा रहेका ३ वर्गहरुलाई पहिचान गर्न लगाउने ।

**क्रियाकलाप ३: छलफल र प्रश्नोत्तर**

सहभागीहरूले मौरीका विभिन्न अवस्थाहरु तथा वर्गहरु छुट्याउन र पहिचान गर्न सके नसकेको बारे पत्ता लगाउन छलफल र प्रश्नोत्तरको प्रयोग गर्ने । सहभागीहरुद्वारा सोधिएको प्रश्नको जवाफ सहभागीहरुलाई नै दिन प्रोत्साहन दिने र सहभागीहरुद्वारा दिइएको जवाफ चित्त बुझ्दो नभएको अवस्थामा प्रशिक्षकले थप प्रस्ट पार्नु पर्दछ ।

**क्रियाकलाप ४: मुल्यांकन तथा सारांश**

- प्रशिक्षकले आफ्नो प्रस्तुति तथा शिर्षक अनुसार विषयहरुको जानकारीको बारेमा तालिम सहभागीहरुबाट जानकारी लिने ।
- बुँदागत रुपमा कक्षाको मुख्य बुँदाहरु सारांशको रुपमा राख्ने ।

**यस सत्र पछी हुने सिकाईहरु**

- मौरीको जीवनचक्र थाहा पाउनेछन् ।
- मौरीका तिन किसिमका वर्गहरू छुट्याउन सक्नेछन् र तिनका कार्य बारे थाहा पाउनेछन् ।

**सत्र ४:**

**मौरी पालनमा प्रयोग हुने घार तथा सामाग्रीहरु**

**समयावधि: १ घण्टा ३० मिनेट**

- विषय प्रवेश तथा वातावरण निर्माण: ५ मिनेट
- सैद्धान्तिक: २५ मिनेट
- व्यावहारिक: १ घण्टा

**प्रशिक्षण विधि**

- प्रवचन र प्रदर्शन
- छलफल तथा प्रश्नोत्तर

**प्रशिक्षण सामग्री**

- प्रोजेक्टर र पावरप्वाईन्ट स्लाईडहरू, चित्र, फोटोहरू
- सेतो बोर्ड र बोर्डमार्कर अथवा कालो बोर्ड र चक
- मौरीघार तथा अन्य मौरीपालनका सामाग्रीहरु

**क्रियाकलाप र अभ्यासहरू**

**क्रियाकलाप १ः प्रवचन तथा प्रदर्शन**

मौरी घारको बनावट र आधुनिक मौरी पालनमा प्रयोग हुने अन्यऔजार र सामग्रीहरूको पहिचान र प्रयोग बारे जानकारी गराउन्ने सहभागीहरुलाई घार तथा अन्य सामाग्रीहरु हातले चलाउन र हेर्न लगाउने ।

**क्रियाकलाप २ः छलफल र प्रश्नोत्तर**

सहभागीहरूलाई औजार तथा सामाग्रीहरु हेर्न र चलाउन दिएर एक-आपसमा छलफल गर्न दिने । त्यस पश्चात सहभागीहरुलाई केहि प्रश्नहरु भए सोध्न लगाउने । सहभागीहरुद्वारा सोधिएको प्रश्नको जवाफ सहभागीहरुलाई नै दिन प्रोत्साहन दिने र सहभागीहरुद्वारा दिइएको जवाफ चित्त बुझ्दो नभएको अवस्थामा प्रशिक्षकले थप प्रस्ट पार्नु पर्दछ ।

**क्रियाकलाप ३ः मुल्यांकन तथा सारांश**

- प्रशिक्षकले आफ्नो प्रस्तुति तथा शिर्षक अनुसार विषयहरुको जानकारीको बारेमा तालिम सहभागीहरुबाट जानकारी लिने ।
- बुँदागत रुपमा कक्षाको मुख्य बुँदाहरु सारांशको रुपमा राख्ने ।

**यस सत्र पछी हुने सिकाईहरु**

- घार र सामाग्रीहरु पहिचान गरी प्रयोग गर्न सक्नेछन् ।

**दोस्रो दिन**

**सत्र १ः**

**मौरी गोला निरीक्षण**

**समयावधिः १ घण्टा ३० मिनेट**

- विषय प्रवेश तथा वातावरण निर्माणः ५ मिनेट

- सैद्धान्तिकः ३० मिनेट
- व्यावहारिकः ५५ मिनेट

**प्रशिक्षण विधि**

- प्रवचन
- व्यावहारिक अभ्यास
- छलफल तथा प्रश्नोत्तर

**प्रशिक्षण सामग्री**

- प्रोजेक्टर र पावरप्वाईन्ट स्लाईडहरू, चित्र, फोटोहरू
- सेतो बोर्ड र बोर्डमार्कर अथवा कालो बोर्ड र चक
- मौरीगोला भएको चलायमान घार
- निरीक्षणमा आवश्यक सामग्रीहरू (घुम्टी, धुवाँदानी, चक्कू, ब्रस, पञ्जा, घार ज्यावल, कलम, निरीक्षण अभिलेख फर्म)

**क्रियाकलाप र अभ्यासहरू**

**क्रियाकलाप १ः प्रवचन**

गोला निरीक्षण गर्नुपर्ने कारणहरू, निरीक्षणका तरिकाहरु, निरीक्षणका उपयुक्त समय, निरीक्षण गर्दा ध्यान दिनुपर्ने कुराहरू र के कस्ता चरणहरू अपनाउनु पर्दछ भन्नेबारे जानकारी दिने । विस्तृत रुपमा जानकारी गराउन स्लाइड तथा फोटोहरूको प्रयोग गर्ने ।

**क्रियाकलाप २ः व्यावहारिक अभ्यास**

चरण १ः घार निरीक्षण गर्दा के कस्ता कुराहरूलाई अवलोकन गर्नु पर्ने र के कस्ता क्रियाकलापहरू अपनाउनु पर्छ सो बारे प्रदर्शन गराउने ।

चरण २ः सहभागीहरूलाई ४-५ समूहमा बाँड्ने र प्रत्येक समूहलाई निरीक्षण गर्न लगाउने ।

चरण ३ः प्रत्येक समूहलाई रेकर्ड तालिकामा मौरी गोलाको अभिलेख भर्न लगाउने ।

**क्रियाकलाप ३ः छलफल र प्रश्नोत्तर**

सहभागीहरूले गोला निरीक्षण गर्नुपर्ने कारणहरू, निरीक्षणका तरिकाहरु, निरीक्षणका उपयुक्त समय, निरीक्षण गर्दा ध्यान दिनुपर्ने कुराहरू र के कस्ता चरणहरू अपनाउनु पर्दछ भन्नेबारे बुझे नबुझेको पत्ता लगाउन छलफल र प्रश्नोत्तरको प्रयोग गर्ने । सहभागीहरुद्वारा सोधिएको प्रश्नको जवाफ सहभागीहरुलाई नै दिन प्रोत्साहन दिने र सहभागीहरुद्वारा दिइएको जवाफ चित्त बुझ्दो नभएको अवस्थामा प्रशिक्षकले थप प्रस्ट पार्नु पर्दछ ।

**क्रियाकलाप ४: मुल्यांकन तथा सारांश**

- प्रशिक्षकले आफ्नो प्रस्तुति तथा शिर्षक अनुसार विषयहरुको जानकारीको बारेमा तालिम सहभागीहरुबाट जानकारी लिने ।
- बुँदागत रुपमा कक्षाको मुख्य बुँदाहरु सारांशको रुपमा राख्ने ।

**यस सत्र पछी हुने सिकाईहरु**

- सहभागीहरूले गोला निरीक्षण किन, कहिले र कसरी गर्नेबारे थाहा पाउनेछन् ।
- घार खोलेर र नखोलेर गोला निरीक्षण गर्न तथा रेकर्ड राख्न सक्नेछन् ।

**सत्र २:**

**मौरी गोलामा हुने वार्षिक जीवनचर्या र समसामयिक गोला व्यवस्थापन**

**समयावधि: १ घण्टा ३० मिनेट**

- विषय प्रवेश तथा वातावरण निर्माण: ५ मिनेट
- सैद्धान्तिक: ४० मिनेट
- व्यावहारिक: ४५ मिनेट

**प्रशिक्षण विधि**

- प्रवचन
- व्यावहारिक अभ्यास
- छलफल तथा प्रश्नोत्तर

**प्रशिक्षण सामग्री**

- प्रोजेक्टर र पावरप्वाईन्ट स्लाईडहरू, चित्र, फोटोहरू
- सेतो बोर्ड र बोर्ड मार्कर अथवा कालो बोर्ड र चक
- मौरीगोला भएको चलायमान घार
- मौरी निरीक्षणका आवश्यक सामग्रीहरू
- मौरीघार भित्र प्रयोग हुने सामग्री

**क्रियाकलाप र अभ्यासहरू**

**क्रियाकलाप १: प्रवचन**

वार्षिक जीवनचर्या र समसामयिक गोला व्यवस्थापन कार्यहरू, मह प्रवाह र सुख्खा यामका फरक, बिशेष मौसममा मह काढ्ने, नियमित रुपमा गर्नु पर्ने गोला र छाउराको व्यवस्थापन कार्यहरूबारे जानकारी दिने । विस्तृत रुपमा जानकारी गराउन स्लाइड तथा फोटोहरूको प्रयोग गर्ने ।

**क्रियाकलाप २: व्यावहारिक अभ्यास**

चरण १: मौरीघार खोलेर त्यसमा समयानुसार के के गर्नु पर्ने हो आफैले प्रदर्शन गर्ने ।

चरण २: मौरीघार खोल्न सहभागीहरू मध्येबाट एक जनालाई लगाउने ।

चरण ३: घार खोलिसकेपछि सबै सहभागीहरूलाई उक्त मौरीगोलामा के कस्तो व्यवस्थापन गर्नु पर्दछ, छलफल गरी निधो गर्न लगाउने र सोही अनुरूप व्यवस्थापन गर्न लगाउने ।

चरण ४: गोलामा कृत्रिम खाना र आधारचाका राख्नु पर्ने बारे देखाउने ।

**क्रियाकलाप ३: छलफल र प्रश्नोत्तर**

वार्षिक जीवनचर्या र समसामयिक गोला व्यवस्थापन कार्यहरू, मह प्रवाह र सुख्खा यामका फरक, बिशेष मौसममा मह काढ्ने, नियमित रुपमा गर्नु पर्ने गोला र छाउराको व्यवस्थापन कार्यहरूबारे बुझे नबुझेको पत्ता लगाउन छलफल र प्रश्नोत्तरको प्रयोग गर्ने । सहभागीहरुद्वारा सोधिएको प्रश्नको जवाफ सहभागीहरुलाई नै दिन प्रोत्साहन दिने र सहभागीहरुद्वारा दिइएको जवाफ चित्त बुझ्दो नभएको अवस्थामा प्रशिक्षकले थप प्रस्ट पार्नु पर्दछ ।

**क्रियाकलाप ४: मुल्यांकन तथा सारांश**

- प्रशिक्षकले आफ्नो प्रस्तुति तथा शिर्षक अनुसार विषयहरुको जानकारीको बारेमा तालिम सहभागीहरुबाट जानकारी लिने ।
- बुँदागत रुपमा कक्षाको मुख्य बुँदाहरु सारांशको रुपमा राख्ने ।

**यस सत्र पछी हुने सिकाईहरु**

- मौरीको वार्षिक जीवनचर्याको बारेमा सामान्य जानकारी पाउनेछन् ।
- वर्षभरि मौरीगोलाको सामयिक व्यवस्थापन गर्न सक्नेछन् ।
- उपयुक्त र अनुपयुक्त मौसममा गोला व्यवस्थापन गर्न सक्षम हुनेछन् ।

**सत्र ३:**

**मौरीगोला विभाजन तथा संयोजन**

**समयावधिः ३ घण्टा**

- विषय प्रवेश तथा वातावरण निर्माण: ५ मिनेट
- सैद्धान्तिक: ५५ मिनेट
- व्यावहारिक: २ घण्टा

**प्रशिक्षण विधि**

- प्रवचन
- व्यावहारिक अभ्यास
- छलफल तथा प्रश्नोत्तर

**प्रशिक्षण सामग्री**

- प्रोजेक्टर र पावरप्वाईन्ट स्लाईडहरू, चित्र, फोटोहरू
- सेतो बोर्ड र बोर्डमार्कर अथवा कालो बोर्ड र चक
- बलियो मौरीगोला भएको चलायमान घार
- दूई कमजोर मौरीगोला भएका चलाएमान घार
- खाली घार
- मौरी निरीक्षणका आवश्यक सामग्रीहरू
- रानु, रानुकोष
- फिडर र चिनीचास्नी, आधारचाका

**क्रियाकलाप र अभ्यासहरू**

**क्रियाकलाप १: प्रवचन**

गोला विभाजनको उद्देश्य, आवश्यक अवस्थाहरू र गोला बिभाजन गर्ने समय, गोला संयोजन गर्नु पर्ने कारण, तथा गोला संयोजन विधि बारे जानकारी दिने । विस्तृत रुपमा जानकारी गराउन स्लाइड तथा फोटोहरूको प्रयोग गर्ने ।

**क्रियाकलाप २: व्यावहारिक अभ्यास**

**सर्वप्रथम गोला विभाजनको चरणवद्ध प्रयोगात्मक अभ्यास गराउने;**

चरण १: गोला विभाजन विधिः कुन विधिबाट गोला विभाजन प्रदर्शन गर्ने हो सोको निर्णय गर्ने ।

चरण २: निर्णय अनुसार विभाजनको व्यावहारिक अभ्यास गरेर सहभागीहरूलाई प्रदर्शन गर्ने ।

चरण ३: दुई वा तीन सहभागीहरूलाई चरणबद्ध रूपमा गोला विभाजनको आफ्नो निगरानीमा अभ्यास गर्न लगाउने ।

**गोला विभाजन पश्चात गोला संयोजनको अभ्यास गराउने;**

चरण १: कमजोर गोला छनोट गरी निरीक्षण गर्न लगाउने ।

चरण २: चरणवद्ध रूपमा व्यावहारिक अभ्यास गरेर सहभागी सामु प्रदर्शन गर्ने ।

चरण ३: आफ्नो निगरानीमा सहभागीहरूलाई चरणबद्ध रुपमा गोला संयोजनको अभ्यास गर्न लगाउने ।

**क्रियाकलाप ३: छलफल र प्रश्नोत्तर**

गोला विभाजन र गोला संयोजनको उद्देश्य, आवश्यकता, तथा विधि बारे बुझे नबुझेको पत्ता लगाउन छलफल र प्रश्नोत्तरको प्रयोग गर्ने । सहभागीहरुद्वारा सोधिएको प्रश्नको जवाफ सहभागीहरुलाई नै दिन प्रोत्साहन दिने र  सहभागीहरुद्वारा दिइएको जवाफ चित्त बुझ्दो नभएको अवस्थामा प्रशिक्षकले थप प्रस्ट पार्नु पर्दछ ।

**क्रियाकलाप ४: मुल्यांकन तथा सारांश**

- प्रशिक्षकले आफ्नो प्रस्तुति तथा शिर्षक अनुसार विषयहरुको जानकारीको बारेमा तालिम सहभागीहरुबाट जानकारी लिने ।
- बुँदागत रुपमा कक्षाको मुख्य बुँदाहरु सारांशको रुपमा राख्ने ।

**यस सत्र पछी हुने सिकाईहरु**

- गोला विभाजन तथा संयोजन गर्नु पर्ने कारण तथा विधिहरु बारे जान्नेछन् ।
- गोला विभाजन गरी सोको व्यवस्थापन गर्न सक्नेछन् ।
- मौरीगोला संयोजन गर्न र संयोजन गरे पछिको व्यवस्थापन गर्न जान्नेछन् ।

**तेस्रो दिन**

**सत्र १:**

**रानुकोष उत्पादन तथा व्यवस्थापन**

**समयावधि : ३ घण्टा**

- विषय प्रवेश तथा वातावरण निर्माणः ५ मिनेट
- सैद्धान्तिकः ५५ मिनेट
- व्यावहारिकः २ घण्टा

**प्रशिक्षण विधि**

- प्रवचन
- व्यावहारिक अभ्यास
- छलफल तथा प्रश्नोत्तर

**प्रशिक्षण सामग्री**

- प्रोजेक्टर र पावरप्वाईन्ट स्लाईडहरू, चित्र, फोटोहरू
- सेतो बोर्ड र बोर्डमार्कर अथवा कालो बोर्ड र चक
- रानु भएका र रानुबिहीन गोलाहरू

- न्यूक्लियस घार
- रानु, रानुकोषहरू, रानुपिंजडा
- छुरी, दरिलो सिन्का वा छेस्का
- मौरी निरीक्षणका आवश्यक सामग्रीहरू

**क्रियाकलाप र अभ्यासहरू**

**क्रियाकलाप १: प्रवचन**

प्राकृतिक र कृत्रिम रानु उत्पादन, उत्कृष्ट माउ गोलाहरू कसरी छनोट गर्ने, रानुकोषका प्रकारहरू (आपत्कालीन, हूल निर्यास र वृद्धोद्धार), रानु र रानुकोषको प्रतिस्थापन र व्यवस्थापन कसरी गर्ने भन्नेबारे जानकारी दिने । विस्तृत रुपमा जानकारी गराउन स्लाइड तथा फोटोहरूको प्रयोग गर्ने ।

**क्रियाकलाप २: व्यावहारिक अभ्यास**

चरण १: न्युक्लियस घारहरूमा ३-४ छाउरा चाकाहरू तयार गरी राख्न लगाउने ।

चरण २: रानुकोष भएका घारहरू खोली कुन प्रकारको रानुकोष हो, पहिचान गर्न लगाउने र उत्कृष्ट रानुकोषहरू छान्न लगाउने ।

चरण ३: रानुकोषलाई निकाल्ने तरिकाबारे प्रदर्शन गरी जानकारी गराउने ।

चरण ४: सो रानुकोषहरूलाई न्युक्लियस गोलाको छाउरा चाकामा राख्ने तरिकाबारे सिकाउने ।

चरण ५: रानुपिंजडामा रानु सहित केही कर्मी मौरीहरू र मह भएको कपास राख्न लगाउने ।

चरण ६: रानुपिंजडालाई न्युक्लियस गोलाको छाउरा कक्षमा राख्न लगाउने ।

**क्रियाकलाप ३: छलफल र प्रश्नोत्तर**

सहभागीहरूले रानु उत्पादन, रानुकोष र रानु प्रतिस्थापनबारे बुझे नबुझेको पत्ता लगाउन छलफल र प्रश्नोत्तरको प्रयोग गर्ने । सहभागीहरुद्वारा सोधिएको प्रश्नको जवाफ सहभागीहरुलाई नै दिन प्रोत्साहन दिने र सहभागीहरुद्वारा दिइएको जवाफ चित्त बुझ्दो नभएको अवस्थामा प्रशिक्षकले थप प्रस्ट पार्नु पर्दछ ।

**क्रियाकलाप ४: मुल्यांकन तथा सारांश**

- प्रशिक्षकले आफ्नो प्रस्तुति तथा शिर्षक अनुसार विषयहरुको जानकारीको बारेमा तालिम सहभागीहरुबाट जानकारी लिने ।
- बुँदागत रुपमा कक्षाको मुख्य बुँदाहरु सारांशको रुपमा राख्ने ।

**यस सत्र पछी हुने सिकाईहरु**

- प्राकृतिक र कृत्रिम रानु उत्पादनबारे जान्नेछन् ।
- रानुकोषका किसिमहरु (आपत्कालीन, हूल निर्यास र वृद्धोद्धार) बारे जान्नेछन् ।

- रानु र रानुकोष प्रतिस्थापन र व्यवस्थापन गर्न सक्नेछन् ।
- रानु उत्पादनका लागि राम्रो गुण भएका माउगोलाहरू छनोट गर्न सक्नेछन् ।

**सत्र २:**

**मौरीगोलामा हुने लडाई र रोकथाम**

**समयावधि: १ घण्टा ३० मिनेट**

- विषय प्रवेश तथा वातावरण निर्माण: ५ मिनेट
- सैद्धान्तिक: ३० मिनेट
- व्यावहारिक: ५५ मिनेट

**प्रशिक्षण विधि**

- प्रवचन
- व्यावहारिक अभ्यास
- छलफल तथा प्रश्नोत्तर

**प्रशिक्षण सामग्री**

- प्रोजेक्टर र पावरप्वाईन्ट स्लाईडहरू, चित्र, फोटोहरू
- सेतो बोर्ड र बोर्डमार्कर अथवा कालो बोर्ड र चक
- मौरीखर्क, खाली घार
- मौरी निरीक्षणका आवश्यक सामग्रीहरू
- छुरी, पिठो वा पहेंलो केशर धूलो
- मट्टितेल पानी भएको सानो स्प्रेयर
- तितेपातीझार

**क्रियाकलाप र अभ्यासहरू**

**क्रियाकलाप १: प्रवचन**

लुटलडाईं किन र कस्तो समयमा हुन्छ, लुटलडाईं भईरहेको पहिचान गर्ने आधारहरू, हुने कारणहरू र व्यवस्थापन बारे जानकारी दिने। विस्तृत रुपमा जानकारी गराउन स्लाइड तथा फोटोहरूको प्रयोग गर्ने।

**क्रियाकलाप २: व्यावहारिक अभ्यास**

चरण १: लुटलडाईं भइरहेको गोलाहरूको बाहिरबाट मौरीहरूको क्रियाकलापहरू निरीक्षण गर्न लगाउने ।

चरण २: लुट भइरहेको गोलाको प्रवेशद्वारमा पिठो वा केशर छर्न लगाउने ।

चरण ३: मौरीखर्कमा भएका सबै गोलाहरूको प्रवेशद्वार निरीक्षण गर्न लगाउने ।

चरण ४: जुन गोलाको प्रवेशद्वारमा सो पिठो वा केशरको धूलो देखिन्छ, त्यो पहिचान गरी चिन्ह राख्न लगाउने । यो लुट्ने गोलाहरू हो ।

चरण ५: लुट भइरहेको गोलामा लुटलडाईं रोक्न पानी छर्ने वा धूवाँ दिने अथवा तितेपाती झार प्रवेशद्वारमा राखीदिने ।

चरण ६: लुटलडाईं नियन्त्रण भए नभएको जाँच्न लगाउने ।

चरण ७: नियन्त्रण नभएमा लुटिएको गोलाको प्रवेशद्वार बन्द गरी, भेन्टिलेसन खोली अस्थायी रूपमा कुनै अलगठाउँ वा कोठामा राख्न लगाउने ।

चरण ८: साबिकको ठाउँमा थोरै मह भएका चाका चौकोस भएको घार राख्न लगाउने, लुट्ने मौरीहरूले मह सबै सकाएपछि झगडा गर्न अन्य मौरीहरू नपाउँदा आफ्नो घारमा फर्कन्छन् र फेरि आउँदैनन् ।

**क्रियाकलाप ३: छलफल र प्रश्नोत्तर**

सहभागीहरूले मौरीगोलामा हुने लुटलडाई, रोकथाम तथा व्यवस्थापनबारे बुझे नबुझेको पत्ता लगाउन छलफल र प्रश्नोत्तरको प्रयोग गर्ने । सहभागीहरुद्वारा सोधिएको प्रश्नको जवाफ सहभागीहरुलाई नै दिन प्रोत्साहन दिने र सहभागीहरुद्वारा दिइएको जवाफ चित्त बुझ्दो नभएको अवस्थामा प्रशिक्षकले थप प्रस्ट पार्नु पर्दछ ।

**क्रियाकलाप ४: मुल्यांकन तथा सारांश**

- प्रशिक्षकले आफ्नो प्रस्तुति तथा शिर्षक अनुसार विषयहरुको जानकारीको बारेमा तालिम सहभागीहरुबाट जानकारी लिने ।
- बुँदागत रुपमा कक्षाको मुख्य बुँदाहरु सारांशको रुपमा राख्ने ।

**यस सत्र पछी हुने सिकाईहरु**

- लुटलडाईं भएको पहिचान गर्न सक्नेछन् ।
- लुटलडाईंका कारण, रोकथाम र नियन्त्रण गर्न सिक्नेछन् ।

**सत्र ३:**

**वितपाते मौरी र तिनको व्यवस्थापन**

**समयावधि : १ घण्टा ३० मिनेट**

- विषय प्रवेश तथा वातावरण निर्माण: ५ मिनेट
- सैद्धान्तिक: ३० मिनेट
- व्यावहारिक: ५५ मिनेट

**प्रशिक्षण विधि**

- प्रवचन
- व्यावहारिक अभ्यास
- छलफल तथा प्रश्नोत्तर

**प्रशिक्षण सामग्री**

- प्रोजेक्टर र पावरप्वाईन्ट स्लाईडहरू, चित्र, फोटोहरू
- सेतो बोर्ड र  बोर्डमार्कर अथवा कालो बोर्ड र चक
- खाली चलायमान घार
- बितपाते मौरीगोला
- मौरी निरीक्षणका आवश्यक सामग्रीहरू
- सेतो कपडा, पत्रिकाहरू

**क्रियाकलाप र अभ्यासहरू**

**क्रियाकलाप १: प्रवचन**

मौरीगोलामा रानुविहीन अवस्था, बितपाते कर्मी मौरीहरू हुनुको कारण, पहिचान तथा यसका नियन्त्रण र व्यवस्थापन बारे जानकारी दिने। विस्तृत रुपमा जानकारी गराउन स्लाइड तथा फोटोहरूको प्रयोग गर्ने।

**क्रियाकलाप २: व्यावहारिक अभ्यास**

चरण १: बितपाते मौरी भएको गोलाको पहिचान गर्ने।

चरण २: बितपाते मौरी भएको घारबाट बितपाते मौरी हटाउन सो स्थानबाट करीब २० मिटर (भिरालो ठाउँका लागि) र ५० देखि २०० मिटर (सम्म ठाउँका लागि) जति टाढा लग्नुपर्दछ र त्यस घारको ठाउँमा अर्को खाली घार राख्ने।

चरण ३: त्यस टाढा लगेको घारबाट सम्पूर्ण मौरीहरू जमिनमा ओछ्याइएको कपडामाथि टक्टक्याउने। बितपाते मौरीहरू आफ्नो घार पहिल्याएर फर्कन सक्दैनन् र मर्दछन्। अन्य कर्मी मौरीहरू आफ्नो घार भएको ठाउँमा फर्कन्छन्।

चरण ४: सबै मौरी झारी सकेपछि चाकामा बितपाते मौरीको फुल भए उक्त चाकालाई टक्टक्याई फुल झारी दिने।

चरण ५: फुल झारिएका चाकाहरू छनोट गरी साबिक ठाउँमा भएको खाली घारभित्र राखी दिने।

चरण ६: उक्त घारमा अन्य घारहरूबाट फुल, लार्भा, प्यूपा भएको र खाना भएका चाकाहरूको आधार दिने।

चरण ७: रानु अथवा रानुकोष प्रतिस्थापन/प्रवेश गराउने।

**क्रियाकलाप ३: छलफल र प्रश्नोत्तर**

सहभागीहरुले वितपाते कर्मी मौरीहरू हुनुको कारण, पहिचान तथा यसका नियन्त्रण र व्यवस्थापन बारे बुझे नबुझेको पत्ता लगाउन छलफल र प्रश्नोत्तरको प्रयोग गर्ने। सहभागीहरुद्वारा सोधिएको प्रश्नको जवाफ सहभागीहरु लाई नै दिन प्रोत्साहन दिने र सहभागीहरुद्वारा दिइएको जवाफ चित्त बुझ्दो नभएको अवस्थामा प्रशिक्षकले थप प्रस्ट पार्नु पर्दछ ।

**क्रियाकलाप ४: मुल्यांकन तथा सारांश**

- प्रशिक्षकले आफ्नो प्रस्तुति तथा शिर्षक अनुसार विषयहरुको जानकारीको बारेमा तालिम सहभागीहरुबाट जानकारी लिने ।
- बुँदागत रुपमा कक्षाको मुख्य बुँदाहरु सारांशको रुपमा राख्ने ।

**यस सत्र पछी हुने सिकाईहरु**

- बितपाते मौरी पहिचान गर्न सक्षम हुनेछन् ।
- तिनीहरूको नियन्त्रण र व्यवस्थापन बारे सिक्नेछन् ।

**चौथो दिन**

**सत्र १:**

**मौरी चरण तथा वार्षिक चरण पात्रो**

**समयावधि : १ घण्टा ३० मिनेट**

- विषय प्रवेश तथा वातावरण निर्माण: ५ मिनेट
- सैद्धान्तिक: ४० मिनेट
- व्यावहारिक: ४५ मिनेट

**प्रशिक्षण विधि**

- प्रवचन
- व्यावहारिक अभ्यास
- छलफल तथा प्रश्नोत्तर

**प्रशिक्षण सामग्री**

- प्रोजेक्टर र पावरप्वाईन्ट स्लाईडहरू, चित्र, फोटोहरू
- सेतो बोर्ड र बोर्डमार्कर अथवा कालो बोर्ड र चक
- विभिन्न बोटबिरुवाहरू
- आहार पात्रोको क्यालेण्डरको नमूना

**क्रियाकलाप र अभ्यासहरू**

**क्रियाकलाप १ः प्रवचन**

मौरी चरण पहिचान, आहारपात्रो निर्माण र प्रयोग तथा मौरी चरण व्यवस्थापन बारे जानकारी दिने । विस्तृत रुपमा जानकारी गराउन स्लाइड तथा फोटोहरूको प्रयोग गर्ने ।

**क्रियाकलाप २ः व्यावहारिक अभ्यास**

चरण १ः स्थानीय बोटबिरुवाहरूको अवलोकन गरी मौरी चरन स्रोत पहिचान गर्ने ।

चरण २ः स्रोतसामग्रीमा उल्लेख भएका बोटबिरुवाहरूको नमूना, चित्र देखाउने ।

चरण ३ः समूहगत रूपमा आहारपात्रो बनाउन लगाई चरन क्षमताको विश्लेषण गरी चरनको नक्शाङ्कन गर्न लगाउने ।

**क्रियाकलाप ३ः छलफल र प्रश्नोत्तर**

सहभागीहरुले मौरी चरण पहिचान, आहारपात्रो निर्माण र प्रयोग तथा मौरी चरण व्यवस्थापन बारे बुझे नबुझेको पत्ता लगाउन छलफल र प्रश्नोत्तरको प्रयोग गर्ने । सहभागीहरुद्वारा सोधिएको प्रश्नको जवाफ सहभागीहरु लाई नै दिन प्रोत्साहन दिने र सहभागीहरुद्वारा दिइएको जवाफ चित्त बुझ्दो नभएको अवस्थामा प्रशिक्षकले थप प्रस्ट पार्नु पर्दछ ।

**क्रियाकलाप ४ः मुल्यांकन तथा सारांश**

- प्रशिक्षकले आफ्नो प्रस्तुति तथा शिर्षक अनुसार विषयहरुको जानकारीको बारेमा तालिम सहभागीहरुबाट जानकारी लिने ।
- बुँदागत रुपमा कक्षाको मुख्य बुँदाहरु सारांशको रुपमा राख्ने ।

**यस सत्र पछी हुने सिकाईहरु**

- चरनको महत्व, आवश्यकताबारे जानकारी पाउनेछन् ।
- पराग र पुष्प रसको विभिन्न स्रोतहरू छुट्याउन सक्नेछन् ।
- चरन प्रवर्द्धन र व्यवस्थापन गर्नेबारे थाहा पाउनेछन् ।
- आहारपात्रो निर्माण र प्रयोगबारे जान्नेछन् ।
- चरन नक्शाङ्कन गरी चरन क्षमता आँकलन गर्न सक्नेछन् ।

**सत्र २ः**

**मौरी गृहत्याग र हुल निर्यास**

**समयावधि : १ घण्टा ३० मिनेट**

- विषय प्रवेश तथा वातावरण निर्माणः ५ मिनेट

- सैद्धान्तिक: ४० मिनेट
- व्यावहारिक: ४५ मिनेट

**प्रशिक्षण विधि**

- प्रवचन
- व्यावहारिक अभ्यास
- छलफल तथा प्रश्नोत्तर

**प्रशिक्षण सामग्री**

- प्रोजेक्टर र पावरप्वाईन्ट स्लाईडहरू, चित्र, फोटोहरू
- सेतो बोर्ड र बोर्डमार्कर अथवा कालो बोर्ड र चक
- मौरीगोला भएको चलायमान घार
- खाली आधुनिक घार
- गोला निरीक्षणका आवश्यक सामग्रीहरू
- हूल समात्ने झोला अथवा डालो
- रानुढोका र रानुपिंजडा

**क्रियाकलाप र अभ्यासहरू**

**क्रियाकलाप १: प्रवचन**

